कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय
रूकुम (पश्चिम)
कार्यालय कोड नं: ३१२०७१५९०२६
☎ ०८८–५३००१९

पत्र संख्याः- २०८१/८२ मितिः २०८१/०९/११
सूचना नं.१०

## गरिब तथा विपन्न लक्षित बर्ग विशेष कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धि दोस्रो पटक सूचना !!!

यस कार्यालयको आ.ब. २०८१/८२ स्विकृत बार्षिक कार्यक्रम अनुसार प्रदेश सभा निर्वाचन क्षेत्र नं. क (मुसिकोट, बाँफिकोट र आठबिसकोट) अन्तर्गत अति बिपन्न तथा लक्षित बर्ग बसोबास भएको समूदायमा **"गरिव तथा बिपन्न लक्षित बर्ग बिशेष कार्यक्रम"** संचालन गर्ने लक्ष रहे अनुरुप प्रथम पटक प्रकाशित सूचनामा आवेदन नपरेकोले दोश्रो पटक प्रस्ताव आह्वानको सूचना प्रकाशित गरिएको छ । इच्छुक गरिव तथा बिपन्न समूदायबाट गठित सञ्चालक समितिबाट सूचना प्रकाशन भएको मितिले ०७ दिन भित्र (मिति २०८१/०९/१८ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न जानकारी गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्वन्धी थप जानकारीका लागि कार्यालयको *Website: adorukumwest.karnali.gov.np* हेर्न वा टेलिफोन नं. ०८८-५३००१९ मा सम्पर्क गर्न सकिने छ ।

<u>आवश्यक कागजातहरु:</u>

१. अनुसूची-४ बमोजिमको निबेदन ।

२. सम्बन्धित वडाका वडाअध्यक्षको रोहवरमा समूदायको भेला गरी न्युनतम १५ घरधुरी समावेश भएको कार्यक्रम सञ्चालक समिति गठन गरिएको निर्णयको प्रतिलिपि ।

३. समितिका कार्यकारीहरुको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख